# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

# बबरमहल, काठमाण्डौं

**प्रबन्धपत्रतर्फ**

| साबिकको व्यवस्था | संसोधन प्रश्ताव | कारण |
|---|---|---|
| **प्रबन्धपत्रको दफा १ कम्पनीको नामः** यस कम्पनीको नाम जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड हुनेछ, जसलाई यसपछि कम्पनी भनी सम्बोधन गरिनेछ । | **प्रबन्धपत्रको दफा १ कम्पनीको नामः** यस कम्पनीको नाम जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड हुनेछ, जसलाई यसपछि कम्पनी भनी सम्बोधन गरिनेछ । *कम्पनीलाई अंग्रेजीमा Hydroelectricity Investment and Development Company Limited (HIDCL) भनिनेछ।* | कम्पनीको अंग्रेजीको नाम समेत निर्धारण गर्नुपर्ने भएकोले । |
| **प्रबन्धपत्रकाको दफा ४कम्पनीको उद्देश्यः (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :-**<br><br>थप व्यवस्था । | **प्रबन्धपत्रको दफा ४ कम्पनीको उद्देश्यः (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :-**<br>(क)<br>.<br>.<br>(छ) आफ्नो स्वामित्वमा सहायक कम्पनी स्थापना गरी जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजना लिई लगानीकर्ता जुटाउने ।<br><br>(ज) सम्बन्धित निकायको स्वीकृतीमा सामुहिक लगानी कोष स्थापना एवं संचालन गर्ने । | कम्पनीको कार्यक्षेत्र बिस्तार गर्नका लागि आवश्यक संशोधन प्रबन्धपत्रमा गर्नुपर्ने भएकोले । |
| **प्रबन्धपत्रको दफा (१२) को उपदफा (५) सँग सम्बन्धित** | **प्रबन्धपत्रको दफा (१२) को उपदफा (४) सँग सम्बन्धित** | |

| | | |
|---|---|---|
| कम्पनीको दैनिक कारोबार संचालनको प्रमुख जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतको हुनेछ । कार्यकारी प्रमुख र निजभन्दा ठिक एकतहमुनिको कर्मचारी गरी दुवैको छनौट तथा नियुक्ती गर्दा एकजना कम्तीमा बैंकिङ्ग/आर्थिक/वित्तीय क्षेत्रको ख्यातिप्राप्त अनुभवी र एकजना कम्तीमा जलविद्युत क्षेत्रको ख्यातिप्राप्त अनुभवी विशेषज्ञ हुनेछन् । निजहरुको विशेष योग्यता नियमावली र कर्मचारी विनियमावली वा सम्झौतापत्रमा तोके बमोजिम हुनेछ । | कम्पनीको दैनिक कारोबार संचालनको प्रमुख जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतको हुनेछ । कार्यकारी प्रमुख र निजभन्दा ठिक एकतहमुनिको कर्मचारी गरी दुवैको छनौट तथा नियुक्ती गर्दा एकजना कम्तीमा बैंकिङ्ग/आर्थिक/वित्तीय क्षेत्रको ख्यातिप्राप्त अनुभवी र एकजना कम्तीमा जलविद्युत क्षेत्रको ख्यातिप्राप्त अनुभवी विशेषज्ञ हुनेछन् । निजहरुको विशेष योग्यता नियमावली र *कर्मचारी सेवा शर्त विनियमावली* वा सम्झौतापत्रमा तोके बमोजिम हुनेछ । | कम्पनीको कर्मचारी सेवा शर्त विनियमावलीमा सम्पूर्ण कुरा संबोधन भई सकेकोले प्रबन्धपत्रमा सेवा शर्त समेत समेट्न उपयुक्त भएकोले । |

**कम्पनी सञ्चालनका नीतिगत आधारहरु**

| साबिकको व्यवस्था | संसोधन प्रश्ताव | कारण |
|---|---|---|
| **खण्ड ग बुँदा नं. ५ संग सम्बन्धित :**<br><br>व्यवस्थापन समूहले सम्पादन गर्नुपर्ने अन्य प्रमुख कार्यहरुमा कम्पनीको कर्मचारी विनियमावली, आर्थिक प्रशासन सम्बन्धी विनियमावली, ऋण लगानी तथा असूली नीति, वित्तीय श्रोत संकलन मार्गदर्शन र कार्यसंचालन निर्देशिकाको मस्यौदा तयार गर्ने हुनेछ । त्यस्तो मस्यौदा कागजात सञ्चालक समितिबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ । यी कामहरु सम्पादन गर्न आवश्यकता अनुसारका अन्य विशेषज्ञहरु पनि परामर्शदाताको रुपमा नियुक्त गर्न सक्नेछ । | **खण्ड ग बुँदा नं. ५ संग सम्बन्धित :**<br><br>व्यवस्थापन समूहले सम्पादन गर्नुपर्ने अन्य प्रमुख कार्यहरुमा कम्पनीको *कर्मचारी सेवा शर्त विनियमावली*, आर्थिक प्रशासन सम्बन्धी विनियमावली, ऋण लगानी तथा असूली नीति, वित्तीय श्रोत संकलन मार्गदर्शन र कार्यसंचालन निर्देशिकाको मस्यौदा तयार गर्ने हुनेछ । त्यस्तो मस्यौदा कागजात सञ्चालक समितिबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ । यी कामहरु सम्पादन गर्न आवश्यकता अनुसारका अन्य विशेषज्ञहरु पनि परामर्शदाताको रुपमा नियुक्त गर्न सक्नेछ । | कम्पनीको कर्मचारी सेवा शर्त विनियमावलीमा सम्पूर्ण कुरा संबोधन भई सकेकोले प्रबन्धपत्रमा सेवा शर्त समेत समेट्न उपयुक्त भएकोले । |
| **खण्ड घ बुँदा नं. ४ संग सम्बन्धित :**<br><br>अधिकृतस्तरका स्थायी कर्मचारीहरु न्यूनतम संख्यामा राख्ने र आवश्यकता अनुसार स्थायी कर्मचारीवाट संम्पादन हुन नसक्ने विशेषज्ञ सेवाका लागि करारमा नियुक्ति गर्ने व्यवस्था गरिने छ । करारमा नियुक्ति गर्ने विशेषज्ञ कर्मचारीको पाठ्यक्रम र छनौटको तरिका समितिले निर्धारण गरे बमोजिम हुनेछ । तर बिना प्रतिस्पर्धा कुनै पनि कर्मचारी भर्ना गरिने छैन । | **खण्ड घ बुँदा नं. ४ संग सम्बन्धित :**<br><br>अधिकृतस्तरका स्थायी कर्मचारीहरु न्यूनतम संख्यामा राख्ने र आवश्यकता अनुसार स्थायी कर्मचारीवाट संम्पादन हुन नसक्ने विशेषज्ञ सेवाका लागि करारमा नियुक्ति गर्ने व्यवस्था गरिने छ । करारमा नियुक्ति गर्ने विशेषज्ञ कर्मचारीको पाठ्यक्रम र छनौटको तरिका समितिले निर्धारण गरे बमोजिम हुनेछ । तर बिना *प्रतिस्पर्धा कम्पनीको स्वीकृत दरवन्दीको पदमा* कुनै पनि कर्मचारी भर्ना गरिने छैन । | कम्पनीको स्वीकृत दरवन्दीको पदहरुमा प्रतिस्पर्धाको माध्यमबाट पदपुर्ती एकिन गर्नुपर्ने भएकाले । |
| **खण्ड छ संग सम्बन्धित :** | **खण्ड छ संग सम्बन्धित :** | |

| | | |
|---|---|---|
| (२) कम्पनीले संस्थापनाको लागि निवेदन दिई दर्ता प्रमाणपत्र प्राप्त गरिसकेपछि देहायका कार्य प्रारम्भ गर्नु अघि नेपाल राष्ट्र बैंकबाट स्वीकृति पाउनका लागि अनुरोध गर्ने र सो स्वीकृति प्राप्त गरे पश्चात् मात्र ती कार्यहरु प्रारम्भ गर्नेछ : | (२) कम्पनीले संस्थापनाको लागि निवेदन दिई दर्ता प्रमाणपत्र प्राप्त गरिसकेपछि देहायका कार्य प्रारम्भ गर्नु अघि *प्रचलित कानुन बमोजिमका नियमनकारी निकायबाट* स्वीकृति पाउनका लागि अनुरोध गर्ने र सो स्वीकृति प्राप्त गरे पश्चात् मात्र ती कार्यहरु प्रारम्भ गर्नेछ : | नेपाल राष्ट्र बैंक मात्र नभई कम्पनीले व्यवसायिक कारोवार गर्दा अन्य नियमनकारी निकायको स्वीकृति समेत आवश्यक पर्ने भएकोले । |
| (३) कम्पनीले शेयर लगानी गरेको जलविद्युत परियोजनामा कुनै प्रकारको ऋण (प्रत्यक्ष वा अप्रत्यक्ष) प्रवाह र ऋणपत्रमा लगानी गर्ने छैन् ।<br>तर कुनै परियोजनाहरुको पूँजी संरचना भेन्चर क्यापिटल (Venture Capital)संरचना अनुसार डिजाइन गरिएको भएमा त्यस्ता परियोजनाहरुमा पूँजी तथा ऋण लगानी समेत गर्न सकिनेछ । | (३) कम्पनीले शेयर लगानी गरेको जलविद्युत परियोजनामा कुनै प्रकारको ऋण (प्रत्यक्ष वा अप्रत्यक्ष) प्रवाह र ऋणपत्रमा लगानी गर्ने छैन् ।<br>तर कुनै परियोजनाहरुको पूँजी संरचना भेन्चर क्यापिटल (Venture Capital) संरचना अनुसार डिजाइन गरिएको भएमा *वा आफैले प्रवर्द्धन गरेको सहायक कम्पनीद्वारा विकास गरिने परियोजना भएमा* त्यस्ता परियोजनाहरुमा पूँजी तथा ऋण लगानी समेत गर्न सकिनेछ । | कम्पनीको विस्तार हुँदै गएको व्यवसायिक कारोवार र सोको प्रकृति र आवश्यकता अनुकुलको कानूनी व्यवस्था गर्न अत्यावश्यक भएकोले । |
| (५) कम्पनीले कुनै परियोजना सम्वद्ध कम्पनीको शेयरमा लगानी गर्दा सम्बन्धित परियोजनाको चुक्ता पूँजीको बढीमा २० प्रतिशत वा कम्पनीको कूल पूँजीकोषको २५ प्रतिशतमा नबढाई लगानी गर्ने छ । | (५) कम्पनीले कुनै परियोजना सम्वद्ध कम्पनीको शेयरमा लगानी गर्दा सम्बन्धित परियोजनाको चुक्ता पूँजीको बढीमा २० प्रतिशत वा कम्पनीको कूल पूँजीकोषको २५ प्रतिशतमा नबढाई लगानी गर्ने छ । *तर कम्पनी आफैले प्रवर्द्धन गरेको परियोजनामा लगानी गने सम्बन्धमा यो व्यवस्था लागू हुनेछैन ।* | |
| थप व्यवस्था । | (९) कम्पनीले कुनै पनि सार्वजनिक कम्पनीले निर्माण गर्ने आयोजनामा प्रवाह गरेको ऋण रकमको सम्पूर्ण अंश वा केही अंश आयोजना | |

| | | |
|---|---|---|
| | सम्पन्न भई सञ्चालनमा आएपछि शेयरमा परिणत (Mezzanine Financing) गर्न सक्नेछ । | |

<u>नियमावलीतर्फ</u>

| साबिकको व्यवस्था | संसोधन प्रश्ताव | कारण |
|---|---|---|
| **<u>नियमावलीको</u> नियम १ कम्पनीको नामः** यस कम्पनीको नाम जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड हुनेछ, जसलाई यसपछि कम्पनी भनी सम्बोधन गरिनेछ । | **<u>नियमावलीको</u> नियम १ कम्पनीको नामः** यस कम्पनीको नाम जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड हुनेछ, जसलाई यसपछि कम्पनी भनी सम्बोधन गरिनेछ । *कम्पनीलाई अंग्रेजीमा Hydroelectricity Investment and Development Company Limited (HIDCL) भनिनेछ*। | कम्पनीको अंग्रेजीको नाम समेत निर्धारण गर्नुपर्ने भएकाले । |
| **<u>नियमावलीको</u> नियम २७ को उपनियम २ संग सम्बन्धित :**<br><br>(ग) स्वतन्त्र सञ्चालक (चार्टर्ड एकाउण्टेण्ट वा वित्त विश्लेषक वा व्यवस्थापन विज्ञ) १ जना<br><br>(घ) व्यावसायिक (जलविद्युत विशेषज्ञ) सञ्चालक १ जना | **<u>नियमावलीको</u> नियम २७ को उपनियम २ संग सम्बन्धित :**<br><br>(ग) स्वतन्त्र व्यावसायिक सञ्चालक (चार्टर्ड एकाउण्टेण्ट वा वित्त विश्लेषक वा व्यवस्थापन विज्ञ) १ जना<br><br>(घ) स्वतन्त्र व्यावसायिक सञ्चालक (जलविद्युत विशेषज्ञ) १ जना | व्यावसायिक सञ्चालक स्वतन्त्र रहेको तथा स्वतन्त्र सञ्चालक व्यावसायिक रहेको ब्यहोरा प्रष्ट पार्न बान्छनिय भएकोले । |
| **<u>नियमावलीको</u> नियम २८ संग सम्बन्धित :**<br><br>तर स्वतन्त्र सञ्चालक, विशेषज्ञ सञ्चालक र सङ्गठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन । | **<u>नियमावलीको</u> नियम २८ संग सम्बन्धित :**<br><br>तर स्वतन्त्र व्यावसायिक सञ्चालकहरु र सङ्गठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकहरुको हकमा यो व्यवस्था लागू हुने छैन । | व्यावसायिक र स्वतन्त्र सञ्चालकको नाम नियम २७ को उपनियम २ बमोजिम परिवर्तनको प्रश्ताव अनुसार मिलाउन उपयुक्त हुने भएकोले । |
| **<u>नियमावलीको</u> नियम २९ संग सम्बन्धित :** | **<u>नियमावलीको</u> नियम २९ संग सम्बन्धित :** | |

| | | |
|---|---|---|
| शेयरधनी वाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था खुलाउने :<br>(१) कम्पनीमा शेयरधनी बाहेकका देहायको योग्यता पुगेका चाटर्ड एकाउण्टेन्ट वा वित्त विश्लेषक वा ब्यवस्थापन विज्ञ र जलविद्युत विज्ञ गरि दुईजना स्वतन्त्र र व्यवसायिक संचालकहरु रहने छन् :-<br>(क) कम्तीमा ४० वर्ष उमेर पूरा भएको र ६० वर्ष ननाघेको,<br>(ख) उच्च दक्षता एवं नैतिकता प्रदर्शन गरेको<br>(ग) राजनैतिक दलको सदस्य नरहेको,<br>(घ) भ्रष्ट्राचार, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,<br>(ङ) बैंकको ऋण नतिर्नेको कालो सूचिमा समावेश नभएको, र<br>(च) ब्यक्तिगत वेरुजू वा सरकारी रकम बक्यौता नरहेको ।<br><br>(१क) उपनियम (१) मा उल्लिखित योग्यताको अतिरिक्त देहायको संचालकको लागि देहायको शैक्षिक योग्यता र कार्य अनुभव हुनु पर्नेछ :-<br>(क) चार्टर्ड एकाउण्टेन्ट वा वित्त विश्लेषक वा ब्यवस्थापन विज्ञका हकमा ब्यवस्थापन विषयमा मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तीमा स्नातकोत्तर उपाधि | शेयरधनी वाहेकको अन्य कुनै *स्वतन्त्र व्यवसायिक सञ्चालक* नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था खुलाउने :<br>(१) कम्पनीमा शेयरधनी बाहेकका देहायको योग्यता पुगेका चाटर्ड एकाउण्टेन्ट वा वित्त विश्लेषक वा ब्यवस्थापन विज्ञ र जलविद्युत विज्ञ गरि दुईजना *स्वतन्त्र ब्यवसायिक संचालकहरु* रहने छन् :-<br>(क) कम्तीमा ४० वर्ष उमेर पूरा भएको र ६० वर्ष ननाघेको,<br>(ख) उच्च दक्षता एवं नैतिकता प्रदर्शन गरेको<br>(ग) राजनैतिक दलको सदस्य नरहेको,<br>(घ) भ्रष्ट्राचार, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,<br>(ङ) बैंकको ऋण नतिर्नेको कालो सूचिमा समावेश नभएको, र<br>(च) ब्यक्तिगत वेरुजू वा सरकारी रकम बक्यौता नरहेको ।<br><br>(१क) उपनियम (१) मा उल्लिखित योग्यताको अतिरिक्त देहायको संचालकको लागि देहायको शैक्षिक योग्यता र कार्य अनुभव हुनु पर्नेछ :-<br>(क) *स्वतन्त्र व्यावसायिक सञ्चालक* (चार्टर्ड एकाउण्टेण्ट वा वित्त विश्लेषक वा व्यवस्थापन विज्ञ) का हकमा ब्यवस्थापन विषयमा | व्यावसायिक र स्वतन्त्र सञ्चालकको नाम नियम २७ को उपनियम २ बमोजिम परिवर्तनको प्रश्ताव अनुसार मिलाउन उपयुक्त हुने भएकोले । |

| | | |
|---|---|---|
| हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा ५ वर्षको कार्य अनुभव भएको वा चाटर्ड एकाउण्टेन्सी उपाधि हासिल गरेको र सम्वन्धित क्षेत्रमा कम्तिमा ७ वर्षको कार्य अनुभव भएको, र<br><br>(ख) जलविद्युत विज्ञको हकमा जलविद्युतसंग सम्वन्धित विषयमा मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको र जलविद्युत उत्पादन, प्रसारण वा वितरणको कार्यमा कम्तीमा ७ वर्षको अनुभव भएको ।<br><br>(२) स्वतन्त्र र व्यवसायिक सञ्चालकहरुको नियुक्तिको लागि सञ्चालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियुक्तिको लागि साधारण सभामा पेश गर्नु पर्नेछ । यसरी नाम तयार गर्दा जति जना सञ्चालक नियुक्ति हुने हो सो संख्याको कम्तीमा दोब्बर योग्य व्यक्तिहरुको नाम स्वतन्त्र वा विशेषज्ञ सञ्चालकको नियुक्तिको लागि साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ ।<br><br>(३) स्वतन्त्र वा व्यवसायिक सञ्चालकको नियुक्ति उपनियम (२) बमोजिम साधारण सभामा प्रस्तुत प्रस्तावमा उल्लेख गरिएका व्यक्तिहरुमध्येबाट गरिनेछ । | मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा ५ वर्षको कार्य अनुभव भएको वा चाटर्ड एकाउण्टेन्सी उपाधि हासिल गरेको र सम्वन्धित क्षेत्रमा कम्तिमा ७ वर्षको कार्य अनुभव भएको, र<br><br>(ख) *स्वतन्त्र व्यावसायिक सञ्चालक (जलविद्युत विशेषज्ञ)* को हकमा जलविद्युतसंग सम्वन्धित विषयमा मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको र जलविद्युत उत्पादन, प्रसारण वा वितरणको कार्यमा कम्तीमा ७ वर्षको अनुभव भएको ।<br><br>(२) *स्वतन्त्र व्यवसायिक सञ्चालकहरुको* नियुक्तिको लागि सञ्चालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियुक्तिको लागि साधारण सभामा पेश गर्नु पर्नेछ । यसरी नाम तयार गर्दा जति जना सञ्चालक नियुक्ति हुने हो सो संख्याको कम्तीमा दोब्बर योग्य व्यक्तिहरुको नाम *स्वतन्त्र व्यवसायिक सञ्चालक* नियुक्तिको लागि साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ ।<br><br>(३) *स्वतन्त्र व्यवसायिक सञ्चालकहरुको* नियुक्ति उपनियम (२) बमोजिम साधारण सभामा प्रस्तुत प्रस्तावमा उल्लेख गरिएका व्यक्तिहरुमध्येबाट गरिनेछ । | |

| | | |
|---|---|---|
| (४) स्वतन्त्र वा व्यवसायिक सञ्चालकको काम, कर्तव्य र अधिकार अन्य सञ्चालक सरह हुनेछ। | (४) *स्वतन्त्र व्यवसायिक सञ्चालकहरुको* काम, कर्तव्य र अधिकार अन्य सञ्चालक सरह हुनेछ। | |
| **<u>नियमावलीको</u> नियम ३३ को उपनियम २ संग सम्बन्धित :**<br><br>(२) समितिले कर्मचारी सम्बन्धी विनियमावली, आर्थिक प्रशासन सम्बन्धी विनियमावली, लगानी सम्बन्धी विनियमावली, ऋण लगानी नीति बनाई लागू गर्नेछ। | **<u>नियमावलीको</u> नियम ३३ को उपनियम २ संग सम्बन्धित :**<br><br>(२) समितिले *कर्मचारी सेवा शर्त विनियमावली,* आर्थिक प्रशासन सम्बन्धी विनियमावली, लगानी सम्बन्धी विनियमावली, ऋण लगानी नीति बनाई लागू गर्नेछ। | <br><br><br>प्रबन्धपत्रमा भएको संशोधन अनुकुल नियमावलीमा समेत संशोधन गर्न उपयुक्त देखिएकोले। |
| **<u>नियमावलीको</u> नियम ३६ को उपनियम २ संग सम्बन्धित :**<br><br>(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट जन प्रशासन वा व्यवस्थापन वा व्यापार वा वित्त वा अर्थशास्त्र वा इञ्जिनियरिङ वा वाणिज्य वा कम्पनी कानूनमा स्नातकोत्तर गरेको र बैकिङ्ग/वित्तीय/कोष व्यवस्थापनका क्षेत्रमा कम्तीमा अधिकृत द्वितीय/वरिष्ठ प्रवन्धक तहमा वा नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको पदमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको, र | **<u>नियमावलीको</u> नियम ३६ को उपनियम २ संग सम्बन्धित :**<br><br>(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट जन प्रशासन वा व्यवस्थापन वा व्यापार वा वित्त वा अर्थशास्त्र वा इञ्जिनियरिङ वा वाणिज्य वा कम्पनी कानूनमा *प्रथम श्रेणीमा* स्नातकोत्तर गरेको र बैकिङ्ग/वित्तीय/कोष व्यवस्थापनका क्षेत्रमा कम्तीमा अधिकृत द्वितीय/वरिष्ठ प्रवन्धक तहमा वा नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको पदमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको, र | <br><br><br>कम्पनीको कम्पनी संचालनको नीतिगत आधारमा भएको व्यवस्थाका साथै अन्य कर्मचारीहरुको हकमा पनि प्रथम श्रेणीनै रहकाले। |
| **<u>नियमावलीको</u> नियम ४९ को उपनियम ५ संग सम्बन्धित :**<br><br>(क) नायब महाप्रबन्धक (वित्त) को न्यूनतम शैक्षिक योग्यता बाणिज्य/व्यवस्थापन/बैंकिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी कम्तीमा ७ वर्षसम्म | **<u>नियमावलीको नियम ४९ को उपनियम ५ संग सम्बन्धित :</u>**<br><br>(क) नायब महाप्रबन्धक (वित्त) को न्यूनतम शैक्षिक योग्यता बाणिज्य/व्यवस्थापन/बैंकिङ्ग विषयमा कम्तीमा *प्रथम श्रेणीमा* स्नातकोत्तर | <br><br><br>कम्पनीको कम्पनी संचालनको नितिगत आधारमा भएको व्यवस्थाका साथै अन्य |

| | | |
|---|---|---|
| वैंक/वित्तीय संस्था वा नेपाल सरकारको अधिकृत स्तरमा कार्य गरेको र सो कार्य अवधि मध्ये कम्तिमा ३ वर्षसम्म वैंक/वित्तीय संस्थाको वरिष्ठ प्रवन्धक वा नेपाल सरकारको राजपत्रांकित द्वितीय श्रेणी वा सो भन्दा माथिल्लो पदमा रहि कार्य गरेको वा चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरी कम्तीमा ७ बर्षको कार्य अनुभव हासिल गरेको व्यक्ति हुनुपर्नेछ ।<br><br>(ख) नायबमहाप्रबन्धक (जलविद्युत) को न्यूनतम शैक्षिक योग्यता जलविद्युत सम्बन्धी इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र जलविद्युत उत्पादन, वा प्रशारण वा वितरणको कार्यमा अधिकृत स्तरको तहमा कम्तीमा ७ बर्षको कार्य अनुभव हासिल गरेको वा नेपाल सरकारको राजपत्रांकित अधिकृतस्तरको इन्जिनियरिङ सेवामा कम्तीमा ७ वर्ष कार्य अनुभव हासिल गरेको हुनुपर्नेछ । | उपाधि हासिल गरी कम्तीमा ७ वर्षसम्म वैंक/वित्तीय संस्था वा नेपाल सरकारको अधिकृत स्तरमा कार्य गरेको र सो कार्य अवधि मध्ये कम्तिमा ३ वर्षसम्म वैंक/वित्तीय संस्थाको वरिष्ठ प्रवन्धक वा नेपाल सरकारको राजपत्रांकित द्वितीय श्रेणी वा सो भन्दा माथिल्लो पदमा रहि कार्य गरेको वा चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरी कम्तीमा ७ बर्षको कार्य अनुभव हासिल गरेको व्यक्ति हुनुपर्नेछ ।<br><br>(ख) नायबमहाप्रबन्धक (जलविद्युत) को न्यूनतम शैक्षिक योग्यता जलविद्युत सम्बन्धी इन्जिनियरिङ्ग विषयमा कम्तीमा *प्रथम श्रेणीमा* स्नातकोत्तर उपाधि हासिल गरेको र जलविद्युत उत्पादन, वा प्रशारण वा वितरणको कार्यमा अधिकृत स्तरको तहमा कम्तीमा ७ बर्षको कार्य अनुभव हासिल गरेको वा नेपाल सरकारको राजपत्रांकित अधिकृतस्तरको इन्जिनियरिङ सेवामा कम्तीमा ७ वर्ष कार्य अनुभव हासिल गरेको हुनुपर्नेछ । | कर्मचारीहरुको हकमा पनि प्रथम श्रेणीनै रहकाले । |